Regd. No. 1300/067/068
PAN: 600232009

# Hydroelectricity Investment And Development Company Ltd.
# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
(A Company owned by Government of Nepal)

प.सं. 066/068
च.नं. (Ref. No.): 220

मितिः २०७७/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः वार्षिक साधारण सभा तथा बुक क्लोज सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७७/०९/०८ गते अपरान्ह ४:१५ बजे बसेको यस कम्पनीको सञ्चालक समितिको २१५औं बैठकबाट तपशिल बमोजिमको निर्णय भएको जानकारी गराउँदछुः

१. कम्पनीको नवौं वार्षिक साधारण सभा मिति २०७७/०९/२९ गते बुधवार कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा बिहान ११:०० बजेदेखि गर्ने। **(कोभिड-१९ को सङ्क्रमणको जोखिम न्यूनिकरण गर्ने उद्देश्यले शेयरधनी महानुभावहरुले भिडियो कन्फरेन्स मार्फत भर्चुअल माध्यमबाट सभामा सहभागी हुने व्यवस्था गरिएको छ।)**

२. नवौं वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७७/०९/१७ गते कम्पनीको शेयरधनी दर्ता किताब तथा शेयर दाखिला खारेजीको कार्य बन्द रहने।

३. कम्पनीको आठौं वार्षिक साधारण सभामा छलफल तथा निर्णयका लागि निम्न अनुसारका प्रस्तावहरु पेश गर्नेः

<u>छलफलका विषयहरुः</u>

(क) **साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) कोभिड-१९ महामारीका कारणले हुनसक्ने जोखिम र नेपाल सरकारद्वारा जारी गरिएको निर्देशनलाई मध्यनजर गर्दै सर्वसाधारण समूहबाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको रिक्त हुने पदमा नियुक्तिको लागि अवस्था सहज भए पछि निर्वाचन गर्ने सम्बन्धमा आवश्यक निर्णय गर्ने।

(ख) **विशेष प्रस्तावः**

१) कम्पनीको प्रवन्धपत्र, नियमावली तथा सञ्चालनका नीतिगत आधारमा आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा भुक्तानी गरिएको रु. ५० लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।।

(ग) विविध।

भवदीय,

जिवन कुमार बस्नेत
कम्पनी सचिव

(साविकको नामः जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड)
Hattisar, Kathmandu, Tel.: 01-4445013/14/15/16, Fax: +977-1-4445017
www.hidcl.org.np, Email: info@hidcl.org.np